नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
# राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्र

☎ ४२६१६५३
४२६२७५३
४२५८२१९

फ्याक्सः ४२६१४०६
ईमेल : ncasc@mos.com.np
वेबसाइट : www.ncasc.gov.np
टेकु, काठमाडौं, नेपाल

पत्र संख्याः- 069/072
चलानी नं.:- 1293

मिति : ....मिति २०७२।०३।३१

## सूचना

**विषयः-सेवा करार सम्बन्धमा ।**

प्रस्तुत विषयमा श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको च.नं.३९४६ मिति २०७२।३।१४ को पत्रबाट रिक्त पदमा कार्यालय सहयोगीलाई करारमा पदपूर्ति गर्न सेवा परामर्शबाट तलब भुक्तानी गर्नुपर्ने भएकोले प्रचलित कानून सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ अनुसार सेवा करारमा लिन स्थानीयस्तरमा सार्वजनिक सुचना प्रकाशन गरी पदपूर्ति प्रक्रिया अगाडी बढाउने विषय उल्लेख भएको तथा श्री स्वास्थ्य सेवा विभागको च.नं.३५८४ मिति २०७२।३।२१ को पत्रबाट सेवा करारमा लिई करारमा कार्यरत कर्मचारीहरु भए निजहरुको सेवा अवधी २०७२ असार मसान्तमा समाप्त हुने हुँदा ताहाँ महाशाखा/ शाखाको कार्यक्रम तथा बजेट स्वीकृत नभएसम्म करार सेवामा नलिने, म्याद थप समेत नगर्ने बजेट व्यबस्था भई आएमा, सेवा करारमा लिन आवश्यक भएमा सार्वजनिक सूचना प्रकाशन गरेर मात्र सेवाकरारमा लिने व्यवस्था गर्ने गराउने तथा सो बमोजिम नगरी सेवा करारलाई निरन्तरता दिई रहेमा महाशाखा/ शाखा प्रमुख नै जिम्मेवार हुने विषय उल्लेख भएको पाईएकोले यस केन्द्रमा बजेट व्यबस्था भई आएमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ अनुरुप सेवा करारमा लिन स्थानीयस्तरमा सार्वजनिक सुचना प्रकाशन गरी पदपूर्ति प्रक्रिया अगाडी बढाउने गरी हाललाई यस केन्द्रमा सेवा करारमा कार्यरत सेक्यूरीटी गार्ड समेत सम्पूर्णकर्मचारीहरुको २०७२ असार मसान्तबाट तत्कालै म्यादथप गर्न नसकिने व्यहोरा यस केन्द्रको मिति २०७२।०३।३१ को निर्णयानुसार सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

२०७२।०३।३१
शाखा अधिकृत